# बाह्रबिसे नगरपालिका
# बाग्मती प्रदेश, नेपाल
# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

बाह्रबिसे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बाह्रबिसे, सिन्धुपाल्चोक

## **बाह्रबिसे नगरपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७**

नगर कार्यपालिकाबाट पारित मिति :

**प्रस्तावनाः**

नेपालको संबिधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधि उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली,२०६७ तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धी मापदण्ड,२०७६ को अधिन एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बाह्रबिसे नगरपालिका लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन) कार्यविधि, २०७७ तयार गरिएको छ ।

**(१) संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको बाह्रबिसे नगरपालिका "लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ रहने छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले बाह्रबिसे नगरपालिका सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैंङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) लैङ्गिक हिंसा भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यबहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(ङ) "कोष सञ्चालन समिति"भन्नाले कार्यविधिको दफा (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**३.कोषको स्थापनाः**

(१) लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनर्स्थापना गर्ने काम समेतका लागि बाह्रबिसे नगरपालिकामा एक लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान,

(ख) बाह्रबिसे नगरपालिकाबाट प्राप्त रकम,

(ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम ।

**(४) कोषमा रकम जम्मा गर्ने :** बाह्रबिसे नगरपालिकाबाट प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी रकम जम्मा गर्नु पर्नेछ ।

**५.कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(ङ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(च) सीपमूलक तालिम, पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,

(छ) पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन,

(ज) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

**७. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड :** (१) बाह्रबिसे नगरपालिका कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

(२) कोष संचालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

(क) पीडितलाई तत्काल उद्धार,औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएका  कोष सञ्चालन समितिले निर्णय गरी बीस हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम,

(ख) हिंसा पीडितले कुनै सीपमुलुक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताका आधारमा प्रति व्यक्ति बढीमा बीस हजार रुपैया,

(ग) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी  साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

(च) कोष सञ्चालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति,आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

**८.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा कार्यविधिको दफा (७) बमोजिम कोष सञ्चालन समितिले निर्णय गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिब आधार देखिएमा दफा (७) बमोजिम कोष सञ्चालन समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**९. कोष संचालन समिति गठन**

९.१ कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

९.२.समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) नगरपालिका उपप्रमुखः | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृतः | सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजकः | सदस्य |
| (घ) स्वास्थ्य शाखा प्रमुखः | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुखः | सदस्य |
| (च) ईलाका प्रहरी कार्यालय प्रमुख : | सदस्य |
| (च) महिला तथा बालबालिका शाखा प्रमुखः | सदस्य सचिव |

यस क्षेत्रमा लैङ्गीक हिंसाको क्षेत्रमा काम गर्ने संघ संस्थालाई समितिमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

**(१०) समितिको काम,कर्तव्य र अधिकार** : (समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने , पुनःस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ,

(ख) लैङ्गिक हिसा पीडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने, गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने ,

(ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय सँग समन्वय गर्ने ,

(छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

(ज) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

(झ) लैङ्गिक हिंसा पीडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**११.समितिको बैठक र निर्णय :**

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ,

(ख) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ,

(घ) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ,

(ङ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ,

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ,

(छ) समितिले आबश्यकता अनुसार गाउँपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

(ज) समितिको निर्णय समितिको सदस्य सचिबले प्रमाणित गरी राखिनेछ ।

(झ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

**(१२) थप रकम निकासा माग गर्न सक्ने :** (क) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा नगरपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१३.समितिको प्रशासनिक खर्च :** समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोष बाट प्राप्त व्याज रकमको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

**१४.खाता सञ्चालन :**

(क)कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकको खाता खोली जम्मा गर्नु पर्दछ । (ख)उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५.कोषको लेखा र लेखा परिक्षण :** कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१६.कोषको रकम फ्रिज नहुने :** कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७.प्रतिबेदन पेश गर्ने :** (१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२)उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिबेदन नगर कार्यपालिकाले सार्बजनिक गर्ने छ ।

**१८.बैठक भत्ता :** समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१९.कोषको सचिवालय :** कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**२०. अभिलेख राख्ने :** समितिले आफूले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२१.निर्देशन दिन सक्ने** : (क) नगर कार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२२.अधिकार प्रत्यायोजन :** समितिले यस कार्यबिधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगर कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२३. कोष खारेज हुन सक्ने :** (क) कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

(ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरपालिकाको कार्यपालिकाको बैठकबाट हुनेछ ।

अनुसूची
(नियम ८ सँग सम्बन्धित)

श्री संयोजक ज्यू,
स्थानीय लैङ्गिक हिंसा निवारण समिति ।

विषयः सहयोग उपलब्ध गराई पाउँ ।

म बाह्रबिसे नगरपालिका वडा नं ....... मा बस्ने वर्ष .... को मिति ................ मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ........... कामको लागि सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदककोः-
नाम थरः
ठेगानाः
दस्तखतः
मितिः